# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
### १ नं. प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/७७
चलानी नम्बर :- १२८५

मिति : २०७६/०७/२६

विषय :- कार्यपालिकाको निर्णय पठाईएको सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ ।

प्रस्तुत विषयमा मिति २०७६।०७।२५ गते सोमवार बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरुको प्रतिलिपि आवश्यक जानकारी तथा कार्यान्वयनको लागि यसै साथ पठाईएको व्यहोरा जानकारी गराईन्छ ।

महेन्द्र खड्का
शाखा अधिकृत

वैठक संख्याः ४०

आज मिति २०७६।०७।२५ गते सोमबार दिनको १:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | अनुउपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | अनुउपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजना राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री प्रदिप शाह | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | श्री महेन्द्र खड्का | अधिकृत सातौ | उपस्थित |
| २ | श्री धनमाया राई | अधिकृत सातौ | उपस्थित |
| ३ | श्री झमक भटराई | अधिकृत छैटौ | उपस्थित |
| ४ | श्री बलराम गौतम | लेखापाल | उपस्थित |
| ५ | श्री दिनेश खड्का | स.क.अ. | उपस्थित |

**प्रस्तावहरु**

१. उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी निर्देशन २०७६।
२. नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयलाई निर्देशन २०७६
३. फोहोरमैला व्यवस्थापन अवधारणा पत्र २०७६ ।
४. प्राकृतिक/मानवीय प्रकोप राहत सहयोग सम्बन्धमा ।
५. प्रोत्साहन भत्ता कार्यविधि २०७६ सम्बन्धमा ।
६. चिसाङ्ग खोलाको ठेक्का अनुमोदन सम्बन्धमा ।
७. विविध

क. करार सेवा कर्मचारी पदपूर्ति सम्बन्धमा (सब.ई. १ जना, अमिन २ जना र हेल्थ टेक्निसियन १ जना)
ख. ठेक्का संझौतामा १० प्रतिशत छुट सम्बन्धमा
ग. सेवा करारको कर्मचारीको प्रसुती स्याहार भत्ता र विदा
घ. बेलबारी क्याम्पसको फिलिङ्ग र वाल ईस्टिमेट छुट
ङ. अमिन विमल बस्नेत सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १ः** नगरसभाबाट पारित चालु आ.व. २०७६।०७७ को बार्षिक योजना र कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्वन्धमा तपशिल बमोजिमको उपभोक्ता समिति गठन तथा परिचानल सम्बन्धी निर्देशन २०७६ अनुसरण गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

## उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी निर्देशन, २०७६

बेलवारी नगरपालिकाको नगरसभाबाट पारित चालु आ.व. २०७६।०७७ को बार्षिक योजना र कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्वन्धमा गठन हुने उपभोक्ता समितिमा सम्वन्धित समुदायका सबै घरधुरीलाई उपभोक्ताहरुको भेला बस्ने विषय, स्थान, मिति र समय सम्वन्धित वडा कार्यालयबाट जानकारी गराई उक्त भेलामा देहायका कार्यहरु गर्नु गराउनु पर्नेछ ।

१. उपभोक्ता भेला आयोजना गर्दा प्रस्तावित आयोजनाबाट लाभान्वित क्षेत्र स्थानमा स्थायी रुपमा बसोबास गर्ने उपभोक्ताहरुको भेला गराउनु पर्नेछ । गठन गर्ने सम्बन्धमा जारी सूचना फायलमा सुरक्षित हुनु पर्नेछ ।

२. उपभोक्ता समिति गठन गर्दा अनिवार्य रुपमा जनप्रतिनिधि र स्थानीय तहका सरकारी कर्मचारीको रोहवरमा मात्र गर्नु पर्नेछ ।

३. उपभोक्ता समिति गठन गर्न रोहवरमा बस्ने व्यक्ति वा निकायले आयोजना सम्वन्धि स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट विवरणबारे बिस्तृत रुपमा सम्वन्धित उपभोक्ता समूह, सम्बन्धित टोल विकास संस्था तथा स्थानीय सामुदायिक संस्थाहरुलाई जानकारी गराउनु पर्नेछ ।

४. यस्तो भेला आयोजनाबाट प्रत्यक्ष फाईदा पुग्ने, सम्वन्धित क्षेत्रका प्रत्येक घरधुरीहरुबाट यथासंभव प्रतिनिधित्व हुने ब्यवस्था गर्नुको साथै पिछडिएका र बन्चितिकरणमा परेका बर्ग, समुदाय, महिला, बालवालिका, अपाङ्गगता भएका व्यक्तिको उपस्थिति समेत सुनिश्चित गर्नु पर्नेछ ।

५. भेलाले सर्वसम्मत तरिकाले सम्वन्धित क्षेत्रका उपभोक्ता मध्येवाट सबै वर्ग, जातजाति, लिङ्ग र क्षेत्रको प्रतिनिधित्व हुनेगरी उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

६. समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष समेत गरी जम्मा ५ देखि ११ जना सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ । समितिका सम्पूर्ण सदस्यहरु मध्ये कम्तिमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुनु पर्नेछ ।

७. समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला हुनु पर्नेछ । साथै आयोजना क्षेत्रका उपभोक्ताहरुको जातिगत संरचना तथा विशेषता अनुसार दलित, मधेसी, आदिवासी जनजाती तथा पिछडिएका वर्गको प्रतिनिधित्व सुनिश्चित भएको हुनु पर्नेछ ।

८. स्थानीय तहका निर्वाचित बहालवाला पदाधिकारी, कुनैपनि राजनैतिक दलको नगर वा वडाको प्रमुख, वहालवाला राष्ट्रसेवक कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेस्की वा बेरुजु फछ्यौट नगरेको व्यक्ति, सामाजिक, आर्थिक रुपमा विवादित व्यक्ति, नगरपालिकालाई तिर्नु पर्ने करदस्तुर नतिरेको व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् । साथै एकै समयमा एक जना व्यक्ति एक भन्दाबढी उपभोक्ता समितिको सदस्य हुन र एक घरधुरीबाट एकजना भन्दा बढी सदस्य हुन पाईने छैन ।

९. आयोजना संचालन गर्दा उपभोक्ता समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार बाँडफाँड, खाता संचालन एवं लागत सहभागिता व्यहोर्नु पर्ने भए त्यसको अंश र त्यसको मापदण्ड बारे छलफल गरी निर्णय गर्नु पर्नेछ । लागत सहभागिता वापत व्यहोर्नु पर्ने अंश नगरपालिकाको संचित कोषमा अग्रिम रुपमा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१०. उपभोक्ता भेलाको उपस्थिति र निर्णय सहितको माईन्युट तयार गर्नु पर्नेछ । योजना तथा कार्यक्रम संचालन हुने स्थानको परियोजना संचालन पुर्वको अवस्था झल्कने फोटो खिच्नु पर्नेछ । आयोजना संझौता गर्दा माईन्युट र फोटो अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

११. उपभोक्ता समितिलाई काममा सहयोग पुर्याउन उपभोक्ता समितिको सदस्यको संयोजकत्वमा खरिद उपसमिति, लेखा उपसमिति, निर्माण उपसमिति आदि गठन गर्ने सकिनेछ । आयोजनाको अनुगमन मुल्याङ्कन र सिफासिस गर्ने प्रयोजनका लागि बढिमा ५ सदस्यीय अनुगमन मुल्याङ्कन समिति उपभोक्ता समिति गठन गर्दा नै अनिवार्य रुपमा गठन गर्नु पर्नेछ । योजनाको प्रत्येक किस्ता निकासको लागी सम्बन्धित वडा समितिको सिफारिस अनिवार्य हुनु पर्नेछ । कार्य सम्पन्न भएपछि फरफारकको लागि अनुगमन समितिको सिफारिस र वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

१२. आयोजनाको गुणस्तर कायम गर्न नसक्ने, आर्थिक हिनामिनामा संलग्न हुने उपभोक्ता समिति, वा व्यक्तिलाई प्रचलित कानुन बमोजिम कार्यवाही चलाईनेछ र भविष्यमा कुनै पनि आयोजना संचालनमा संलग्न हुन नपाउने गरी कालो सूचीमा राखिनेछ ।

१३. एउटै आयोजनाको लागि दुईवटा उपभोक्ता समितिहरु गठन गर्न पाईने छैन । साथै उपभोक्ता समितिलाई उपलब्ध गराएको एउटा कार्य सम्पन्न नभएसम्म आयोजना निर्माण तथा सञ्चालन सम्वन्धी अर्को कामको जिम्मेवारी दिन पाईने छैन ।

१४. प्राप्त निर्देशन, प्रकृया र मापदण्ड विपरित उपभोक्ता वा अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाईएमा यस्तो गठन वा सिफारिसलाई मान्यता दिइने छैन ।

१५. उपभोक्ता समितिहरुको गठन सम्वन्धि कुनै विवाद आएमा सम्वन्धित वडाका जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, टोल विकास संस्था, संघसंस्था र स्थानीय समाजसेवी बुद्धिजिविहरुको पहलमा सहमतिमा ल्याउने प्रयास गर्नुपर्नेछ । त्यसवाट पनि समाधान ननिस्किएमा बेलवारी नगर कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

१६. प्रत्येक आयोजना वा कार्यक्रमहरुको विस्तृत विवरण खुलाई आयोजना वोर्ड बनाई राख्नु पर्नेछ । यसका लागि कम्तिमा ५ लाख भन्दा माथिको योजनाको लागि अनिवार्य रुपमा फ्लेक्स वा होर्डिङ्ग वोर्ड राख्नु पर्नेछ ।

१७. सबै संचालित योजना वा कार्यक्रमहरुको सार्वजानिक परिक्षण जनप्रतिनिधिको रोहवरमा अनिवार्य रुपमा गर्नु पर्नेछ । यसका लागि योजना वा कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरुको सहभागिता तोकिए बमोजिम गर्नु पर्नेछ ।

**निर्णय नं. २:** चालु आ.व.को योजना तथा कार्यक्रमहरु संचालन गर्न नगर कार्यापालिकाको कार्यालय र वडा कार्यालयलाई निर्देशन तपशिल बमोजिमको निर्देशन गर्ने निर्णय गरियो ।

## नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई निर्देशन २०७६

१. चालु आ.व.को पूर्वाधार तर्फका योजनाहरुको उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको उपभोक्ता समिति गठन मंसिर मसान्तसम्म गर्नु पर्नेछ । यसरी गठन भएका उपभोक्ता समितिहरुले योजनाहरुको संझौता पौष १५ गते भित्र र २५ लाखको योजनाको हकमा पौष मसान्त सम्ममा गरि अनिवार्य रुपमा वैसाख मसान्तसम्म सम्पन्न गरिसक्नु पर्नेछ ।

२. चालु आ.व.को पूर्वाधार तर्फका योजनाहरुको ठेक्का प्रक्रिया मार्फत संचालन हुन योजनाहरुको ठेक्का सम्बन्धी सूचना मंसिर मसान्त सम्ममा जारी गरि सक्नु पर्नेछ ।

३. चालु आ.व.मा कार्यक्रमहरुको कार्यान्वयनको हकमा स्वीकृत कार्ययोजना अनुसार वैसाख मसान्तसम्ममा सम्पन्न गरि सक्नु पर्नेछ ।

४. नगरपालिकाबाट प्राप्त हुने अनुदान रु. ५ लाख सम्मका योजनाहरुको संझौता सम्बन्धित वडाहरुबाट गरिनेछ । संझौता गर्ने अधिकार सम्बन्धित वडा कार्यालयको सचिवबाट गरि सो संझौताको वडाध्यक्षबाट प्रमाणित गर्नु पर्नेछ ।

५. नगर तथा वडास्तरिय रु. ५ लाखसम्मका योजनाहरुको वडास्तरीय अनुगमन तथा मुल्यांकन समितिले अनुगमन गरी अन्तिम भूक्तानी र फरफारकको लागि सिफारिस गर्नु पर्नेछ ।

६. उपभोक्ता समितिहरुलाई आयोजना संचालन सम्वन्धि आवश्यक व्यवहारिक ज्ञान र जानकारी दिनका लागि नगरपालिकाले अभिमुखिकरण गोष्ठि आयोजना गर्नु पर्नेछ। यस्तो अभिमुखिकरण गोष्ठि संचालनका लागि सम्बन्धित वडाले नगरपालिकाको सम्बन्धित शाखामा समन्वय गरी मिति र समय तय गर्नु पर्नेछ ।

७. चालु आ.व. देखि योजना कार्यान्वयन प्रक्रियाको सम्पूर्ण कारवाही नगरपालिकाबाट स्वीकृत जनतासँग सरकार सफ्टवेयर मार्फत गर्नु पर्नेछ । सफ्टवेयर संचालन सम्बन्धी कुनै समस्या भएमा सफ्टवेयर संचालक कम्पनी/योजना शाखासँग समन्वय गरि निराकरण गर्नु पर्नेछ ।

८. शाखा वा वडाहरुले कुनै योजनाको खण्डीकरण गरि योजनाहरुको कार्यान्वयन गर्नु पर्ने भएमा वडा कार्यालयको हकमा वडाको निर्णय र सिफारिस सहित स्वीकृतिको लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने र शाखाहरुको हकमा शाखा प्रमुखले टिप्पणी सदर गरि कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ ।

९. शाखा वा वडाहरुले कुनै योजना परिवर्तन गर्नु पर्ने भएमा वडा कार्यालयको हकमा वडाको निर्णय र सिफारिस सहित स्वीकृतिको लागि कार्यालय प्रमुख मार्फत कार्यपालिका समक्ष पेश गर्ने र सोही बमोजिम शाखाको हकमा शाखा प्रमुखले कार्यालय प्रमुख मार्फत स्वीकृत लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१०. वडातर्फका सामाजिक विकास कार्यक्रम अन्तर्गतका आकस्मिक सहयोग गर्नु पर्ने प्रकृतिका तपशिल बमोजिमका वडाहरुको योजनाहरु कार्यान्वयन गर्दा बुदाँ नं. ७ अनुसार नगरि छुट्टै अभिलेख राखी वडाको चालु खर्च अनुसारको प्रक्रिया अबलम्बन गरि खर्च गर्ने सकिनेछ । यसरी खर्च भएको विवरण आ.व.को अन्तमा सफ्टवेयरमा अध्यावधिक गर्नु पर्नेछ ।

तपशिल

| वडा नं. | योजना सि.नं. | योजनाको नाम | विनियोजित रकम रु. |
|---|---|---|---|
| १ | १८७ | सामाजिक आकस्मिक सहयोग | १०० |
| ३ | १९३ | विपन्न तथा असह्यय वर्गलाई आकस्मिक सहयोग | १०० |
| ४ | २०९ | सामाजिक क्षेत्रका विविध कार्यक्रम तथा असह्यय सहयोग | ८० |
| ५ | २१५ | सामाजिक क्षेत्रका विविध कार्यक्रम | १५० |
| ६ | २२५ | विविध आर्थिक सहयोग संघसस्था मठमंदिर विपन्न असह्यय आदि । | २४३ |
| ९ | २५० | विपन्न तथा असह्ययलाई आकस्मिक सहयोग कार्यक्रम | १०० |
| ११ | २६८ | गरिब तथा विपन्न आर्थिक सहयोग | १५० |

**निर्णय नं. ३**: नगरभित्रको फोहोरमैला व्यवस्थापनको लागि विगतमा इन्भाइरु केयर प्रा.लि.सँग गरेको संझौता यहि भाद्र मसान्तमा सकिएको हुदाँ फोहोरमैला व्यवस्थापनको लागि तयार गरिएको बेलबारी नगरपालिकाको फोहोरमैला व्यवस्थापन अवधारणपत्र २०७६ स्वीकृत गरि ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**: बेलवारी नगरपालिका बिपद जोखिम ब्यवस्थापन निर्देशिका २०७४ को दफा ३ (घ) र दफा ५ (६) तथा बेलवारी नगरपालिका बिपद जोखिम ब्यवस्थापन कोष संचालन कार्यबिधि २०७४ को दफा ४ (ग) बमोजिम बिपदबाट पिडित ब्यक्तिको भरण पोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ता कपडा, अन्यबस्तु खरिद गरी बितरण गर्नु पर्ने भएको हुदा बिपद जोखिम ब्यवस्थापन कोष संचालन कार्यबिधि २०७४ को दफा २ (ग) बमोजिमका बिपदमा परेका ब्यक्ति र परिवारहरुका लागि राहत सहयोग सामाग्री प्याकेज तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

बिपदमा परेका ब्यक्ति र परिवारहरुका लागि राहत सहयोग प्याकेज

| **क्र.स.** | **राहत मामाग्रि** | **क्षतिको अबस्था र राहत प्याकेज** | | **कैफियत** |
|---|---|---|---|---|
| | | **पुर्ण** | **आँसिक** | |
| **१** | **खाध्यान्न** | | | |
| | चामल प्रति ब्यक्ति | १० केजी | ५ केजी | |
| | दाल प्रति ब्यक्ति | २ केजी | १ केजी | |
| | तेल प्रति ब्यक्ति | १ ली | ०.५ ली | |
| | चिउरा प्रति ब्यक्ति | ३ केजी | २ केजी | |
| | आलु प्रति ब्यक्ति | ५ केजी | ३ केजी | |
| | चिनी | १ केजी | ०.५ केजी | |
| | चियापत्ती | १ केजी | ०.५ केजी | |
| | बिस्कुट वा चाउचाउ प्रति ब्यक्ति | १० प्याकेट | ५ प्याकेट | |
| | नुन प्रति ब्यक्ति | ०.५ केजी | ०.५ केजी | |
| **२** | **भाँडा** | | | |
| | कुकर ५ ली | १ थान | ० | परिवार संख्या आधार नहुने |
| | कराइ मझौला आकारको | १ थान | ० | परिवार संख्या आधार नहुने |
| | तपेस मझौला आकारको | १ थान | | परिवार संख्या आधार नहुने |
| | थाल, बोटुका, ग्लास (स्टिल) प्रति ब्यक्ति | १/१ थान | ० | |
| | डाडु, पुन्यौ | १/१ थान | ० | परिवार संख्या आधार नहुने |
| | बाल्टी (२० ली र १० ली ) जग सहित | १/१ थान | ० | परिवार संख्या आधार नहुने |
| | त्रिपाल | १ थान | | परिवार सख्याको आधारमा सानो ठुलो |
| **३** | **लत्ता कपडा** | | | |
| | सिरक, डसना, सिराने , तन्ना, झुल, भुईमा ओच्छाउने म्याट सेट (डवल बेड ) प्रति २ सदस्य | १ सेट | ० | ३ भए २ सेट<br>५ भए ३ सेट<br>७ भए ४ सेट .....आदी |

| | | | | |
|---|---|---|---|---|
| | लुगा प्रति सदस्य | २ सेट | ० | अधिकतम रु १५०० सम्को सेट |
| **४** | **बिविध प्रयोजनका लागि नगद राहत सहयोग** | | | |
| | नगद राहत | रु २० हजार | रु १० हजार | परिवार संख्या आधार नहुने |

नोट

१ बिपद जोखिम ब्यवस्थापन कोष संचालन कार्यबिधि २०७४ को दफा २ (ग) अनुसार "बिपद्" भन्नाले बाढी, पहिरो, आगलागी, भूकम्प, आँधीबेरी, अतिवृष्टी, अनावृष्टी, पशुपंक्षी तथा अन्य जीवबाट आउने रोग वा सरुवा रोगको महामारी, जंगली जनवारहरुको आक्रमणबाट हुने क्षति, प्राकृतिक कारणले हुने सडक दुर्घटना जस्ता प्रकोप सम्झनु पर्छ र सो शब्दले औद्योगिक दुर्घटना समेतलाई जनाउनेछ ।

२ यस प्याकेजमा उल्लिखत पुर्ण क्षती भन्नाले बसोवासका लागि प्रयोग भएको घर पुन निर्माण गर्नु पर्ने गरी धव्त भएको अबस्था भनेर सम्झनु पर्नेछ । त्यसैगरी आंसिक क्षती भन्नाले बसोवासका लागि प्रयोग भएको घर मर्मत सम्भार गरी बस्न सकिने अबस्था भनी सम्झनु पर्नेछ ।

३ बुदा न २ बाहेकहुने बिपदबाट भएको अन्य क्षतिको ( कृपि , पशु र अन्य ) राहत कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**निर्णय नं. ५:** नगरपालिकाको सेवा प्रवाहका साथै कामकारवाही सम्पादनमा प्रभावकारीता अभिबृद्धि गर्ने विगतमा कर्मचारीहरुलाई दिईदै आएको प्रोत्साहन भत्ता व्यवस्थापन गर्ने बेलबारी नगरपालिलका प्रोत्साहन भत्ता निर्देशिका २०७६ परिच्छेद ७ दफा १४ रहेको निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** चालु आर्थिक वर्ष २०७६/०७७ को चिसाङ्ग खोलाको ढुगां, गिट्टी, बलुवा, ग्राभेल भरौट माटोको उत्खनन् र बिक्रीको बोलपत्रदाता कानेपोखरी वि.एण्ड.वि. कन्स्ट्रक्शन प्रा.लि. कानेपोखरी ५ को कबोल अंक रु.४३६५००००।०० (अक्षेररुपी चार करोड छत्तीस लाख पचास हजार ) मू.अ.कर बाहेक सार्वजानिक सूचना बमोजिम १० प्रतिशत छुट गरि रु. ३९२८५०००।०० अक्षेररुपी तीन करोड बयानब्बे पचासी हजारमा बोलपत्र स्वीकृत गरि खरीद सम्झौता भएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

विविध

**निर्णय कः** यस नगरपालिकाको लागि आवश्यक सेवा करारमा कर्मचारी पदपूर्तिको लागि तपशिल बमोजिमको समिति गठन गर्ने कार्य सम्पादन गर्ने निर्देशन गरियो ।

संयोजकः महेन्द्र खड्का

सदस्यः बालकृष्ण निरौला

सदस्यः सन्तोष वि.क.

**निर्णय खः** नगरको राजस्व व्यवस्थापन शुनिश्चितताको लागि चालु आ.व.को ठेक्का बन्दोबस्तको लागि भएको बोलपत्रदाताहरुको लोहन्द्रा खोला र किर्तिमान भाउन्ने आमतोला सडकको हकमा कार्तिक मसान्तसम्मको समयमा एकमुष्ठ रकम बुझाई संझौता भएमा १० प्रतिशत छुट दिने र सार्वजानिक सूचना बमोजिम अन्य ठेक्का बन्दोबस्तमा गरिएको छुटलाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय गः** यस कार्यालयमा भएका सेवा करारका कर्मचारीहरुको प्रसुती स्याहार भत्ता र विदा निजामति कर्मचारीले पाए सरह उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय घः** बेलबारी क्याम्पसको भवन निर्माणको लागि भएको ठेक्का बन्दोबस्तमा जगको फिलिङ्ग र वालको ईस्टिमेट छुट भएको हुदाँ छुटेको कार्य थप गरि सोही शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय ङः** बेलबारी नगर कार्यपालिकाको कार्यालयमा सेवा करारमा कार्यरत अमिन श्री विमलराज बस्नेतलाई आजको मिति देखि लागू हुने अवकास दिने निर्णय गरियो ।